DAILY

# NEWSLETTER

As of Nov 10 2025

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## नेप्से: रातोमा बन्द, तर सपोर्टमा बलियो चासो




**NEPSE** आज 2570.15 अंकमा खुलेको थियो र प्रारम्भिक चरणमै खरीद दबाबका कारण **Index** 2576.85 अंकसम्म उक्लियो। तर त्यसपछि देखिएको बिक्री चापले बजारलाई तल धकेल्दै 2544.10 अंकको न्यूनतम बिन्दुमा पुर्‍यायो। अन्त्यतिर पुनः केही खरीद समर्थन देखिँदा सूचक आंशिक सुधार हुँदै 2561.94 अंकमा बन्द भयो।

आजको कारोबार रकम रु. 4.51अर्ब नाघेको छ भने कुल 86 लाख 47 हजार कित्ता शेयरहरू **Buy & Sell** भएका छन्। बजारमा केही कमजोरी देखिए पनि लगानीकर्ताहरूको सक्रियता र सीमित पुनरुत्थानले सावधानीपूर्वक आशावादिता झल्काएको छ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा माथि छ । |
| MACD | नेप्सेमा हाल MACD मा Buying (Fade/Weak) देखिएको छ । |
| RSI | RSI 43.72 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2440-2510 |
| Resistance | 2650-2690 |

रातो क्यान्डल बनाएर बन्द भए पनि आजको **Nepse** सूचकको अन्त्यतिर केही सकारात्मक **(Positive Momentum)** देखिएको थियो।। कारोबारको पहिलो **Half** मा सूचक **2576.85** को इन्ट्राडे उच्च विन्दुसम्म पुगेको थियो। तर त्यसपछि बिक्री दबाब बढ्दै जाँदा सूचक **2530-2550** को सपोर्ट क्षेत्र **(Support Zone)** परीक्षण गर्न पुग्यो। **Lastly End** मा बजारले **डबल बटम (W) प्याटर्न** बनाएको देखियो, जसले छोटो अवधिमा उल्टो दिशामा फर्किने संकेत दिएको छ। दोस्रो **Half** को अन्त्यतिर मा पुनः खरिद चाप बढेपछि बजार क्रमशः उकालो लाग्दै **2561.94** अंकमा बन्द भएको छ। **Market** रातोमा बन्द भए पनि इन्ट्राडे लोबाट देखिएको पुनरुत्थानले लगानीकर्ताको चासो र सपोर्ट स्तरमा सम्भावित स्थिरता देखाएको छ। तर, कारोबार रकम **(Volume)** ले यो सुधार बलियो देखिएको छैन।